प्रति साधारण शेयर रु.१००/– अंकित दरका ३५,००,००० कित्ता साधारण शेयर आयोजना प्रभावित क्षेत्र सोलुखुम्बु जिल्लाका बासिन्दाहरुका लागि निष्काशन गरिएको

दरखास्त दिनुपर्ने न्यूनतम कित्ता	: १० शेयर
दरखास्त दिनपाउने अधिकतम कित्ता	: १०,५०,००० शेयर

दरखास्तसाथ भुक्तानी गर्नुपर्ने रु.१००/– प्रति शेयरको दरले

लगानीकर्ताले धितोपत्रको सार्वजनिक निष्काशनमा आवेदन दिंदा अनिवार्य रुपमा उक्त निष्काशनको लागि तयार गरेको विवरणपत्र पढी आफ्नो स्वविवेकले दरखास्त दिनुहुन अनुरोध गर्दछौं।

क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्था:

स्वीकृत विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको लागि "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ मा भएको व्यवस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था ईक्रा नेपाल लि., डिल्लीबजार, काठमाण्डौबाट क्रेडिट रेटिङ्ग गराई "यस साहस उर्जा लिमिटेडलाई मिति २०७७/०६/२१ मा "समयमा वित्तीय दायित्व पुरा गर्न चुक्न सक्ने सम्बन्धमा मध्यम जोखिम रहने [ICRANP -IR] BB+ (Pronounced as ICRANP Issuer Rating Double B Plus)" प्रदान गरेको छ। उक्त रेटिङ्गको अवधि जारी मितिबाट एक वर्ष अर्थात २०७८/०६/२० सम्म रहनेछ। रेटिङ्ग संकेत पछाडि रहने + (जोड) वा - (घटाउ) चिन्हले सम्बन्धित रेटिङ्ग वर्ग भित्रको तुलनात्मक स्थीतिलाई जनाउँदछ। यसको अर्थ [ICRANP -IR] BB+ को स्थिती [ICRANP -IR] BB भन्दा एक चिन्ह माथि रहन्छ।

साहस उर्जा लिमिटेड
Sahas Urja Limited

हात्तिसार, काठमाण्डौ-१, नेपाल, फोन नं. ०१-४४१९१८२, ४४१९१८३, ४४२२७५६
इमेल: surja@sahasurja.com वेभसाइट: www.sahasurja.com

आह्वान–पत्र

यो विवरण–पत्र नभई केवल आह्वान–पत्र मात्र हो।

कम्पनीको नेटवर्थ सम्बन्धी विवरण

विवरण	वास्तविक (समष्टिकृत)			*अपरिष्कृत	प्रक्षेपित		
	आ.व.०७४/०७५	आ.व.०७५/०७६	आ.व.०७६/०७७	आ.व.०७७/०७८	आ.व.०७८/०७९	आ.व.०७९/०८०	आ.व.०८०/०८१
प्रति शेयर (नेटवर्थ) रु.	९५.८२	९५.७५	१३५.११	१५७.४३	१६४.५६	१६५.७७	१६५.७१
प्रति शेयर आम्दानी (रु.)	(०.१०)	(०.०५)	३५.३१	२२.४२	२१.८७	२६.०२	२८.२८
संचित नाफा नोक्सान (रु. हजारमा)	(९,२६५)	(१०,६१६)	८,५४,४५३	१,४०१,६३१	२२,५४,३२३	२४,३६,४५३	२६,३४,४०६

नोट: *आ.व. २०७७/७८ आषाढ मसान्तको साहस उर्जा कम्पनी लिमिटेडको लेखापरीक्षक तथा व्यवस्थापनबाट प्रमाणित भएको अपरिष्कृत वित्तीय विवरण।

साधारण शेयरको बिक्री खुल्ला अवधि:

निष्काशन खुल्ला हुने मिति	: २०७८/०४/२९ गते
निष्काशन बन्द हुने छिटोमा मिति	: २०७८/०५/११ गते (बैंकिङ्ग समय पश्चात्)
निष्काशन बन्द हुने ढिलोमा मिति	: २०७८/०५/२७ गते (बैंकिङ्ग समय पश्चात्)

प्रति मेगावाट लागत सम्बन्धी विवरण:

संगठित संस्थाद्वारा प्रवर्द्धित आयोजनाको निर्माण अवधिको ब्याज सहित (IDC) प्रति मेगावाट लागत रू.१३,७९,०७,०००/- (अक्षेरेपी तेह्र करोड उनासी लाख सात हजार मात्र अनुमान गरिएको छ।

विद्युत उत्पादन अनुमति पत्र बाँकी अवधि सम्बन्धी विवरण:

इजाजतपत्र वहाल रहने अवधि मिति २०७१/०६/०२ देखि २१०६/०६/०१ सम्म रहेकोले २९ वर्ष बाँकी रहेको छ।

लगानी फिर्ता हुने अवधि (Pay Back Period) सम्बन्धी विवरण:

साधारण लगानी फिर्ता हुने अवधि (Normal Pay Back Period) ८.०२ वर्ष र डिस्काउन्टमा लगानी फिर्ता हुने अवधि (Discounted Pay Back Period) १०.१३ वर्ष रहेको छ।

नेपाल धितोपत्र बोर्डबाट विवरण-पत्र स्वीकृत भएको मिति २०७८/०४/१४ तथा कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरण-पत्र दर्ता भएको मिति २०७८/०४/१८।

१. कम्पनीको नाम : साहस उर्जा लिमिटेड (Sahas Urja Limited)।

२. कुन ऐन अन्तर्गत स्थापित भएको सो कुरा :

यस साहस उर्जा लिमिटेड कम्पनी ऐन, २०६३ अन्तर्गत साहस उर्जा प्राईभेट लिमिटेडको नामबाट मिति २०७०/१०/१९ मा कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भई मिति २०७१/०५/२९ गते कम्पनी रजिष्ट्रारको कार्यालयको निर्णय अनुसार प्रा.लि.बाट परिवर्तन भई पब्लिक लिमिटेडको रुपमा साहस उर्जा लिमिटेडको नामबाट दर्ता भएको कम्पनी हो।

३. कम्पनीको रजिष्टर्ड ठेगाना :

यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं.१, हात्तिसारमा रहेको छ। आवश्यकतानुसार सम्बन्धित कार्यालयको स्वीकृति लिई कम्पनीको रजिष्टर्ड कार्यालय स्थानान्तरण गर्न र नेपाल भित्र वा विदेशमा शाखा कार्यालय खोल्न सकिनेछ।

४. कारोवार गर्ने मुख्य स्थान (जलविद्युत केन्द्र) :

यस कम्पनीको कारोवार गर्ने मुख्य स्थान कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं. १, हात्तिसारमा र आयोजनास्थल, जलविद्युत उत्पादन केन्द्र तथा अन्य भौतिक पूर्वाधारहरु ...

कम्पनी ऐन, २०६३ तथा कम्पनीको स्वीकृत नियमावलीको नियमको २७(२) बमोजिम संस्थापक समूहबाट ४ जना,सर्वसाधारण समुहबाट २ जना तथा स्वतन्त्र संचालक १ जना नियुक्त गर्नुपर्नेमा नियमावलीको नियम ३१(ग) बमोजिम सर्वसाधारण समुहको शेयर जारी नभएसम्मको लागि अन्य समुहको संचालक सदस्यहरु समेत संस्थापक समूहबाट नै निर्वाचित गर्ने व्यवस्था भएको तथा कम्पनीले सर्वसाधारणहरुको शेयर जारी गरे पश्चात् गठन हुने संचालक समितिमा नियमावलीमा भएको व्यवस्था बमोजिम नै संचालक समितिको संरचना हुने प्रतिवद्धता व्यक्त गर्दछौं।

यस कम्पनीका संचालक समितिका प्रबन्ध संचालक श्री शुसिल थापा र संचालक श्री मिनराज कडेल समान उद्देश्य भएको अन्य कम्पनीको संचालक समितिमा रहनु भएकोले आगामी कार्यकालमा समान उद्देश्य भएको कुनै एक कम्पनीमा मात्र संचालक समितिमा रहने प्रतिवद्धता व्यक्त गर्नु भएको छ। उक्त प्रतिवद्धता नेपाल धितोपत्र बोर्ड समक्ष पेश गरिएको छ।

साथै, कम्पनी ऐन, २०६३ को दफा ८९ को उपदफा (१) छ तथा सूचिकृत सङ्गठीत संस्थाहरुको संस्थागत सुशासन सम्बन्धी निर्देशिका २०७४ को व्यवस्थाहरु पूर्ण पालना भएको छ।

१०. उच्च व्यवस्थापकीय तहका अधिकृत कर्मचारीहरु सम्बन्धी विवरण :

क्र.सं.	कर्मचारीको नाम	पद	योग्यता	कार्यानुभव
१	श्री शुसिल थापा	प्रबन्ध सञ्चालक	स्नातक	संस्थापक तथा प्रबन्ध संचालक : नेपाली टेलिभिजन (बेलायत)
२	श्री गोविन्द चालिसे	प्रोजेक्ट म्यानेजर	स्नातकोत्तर	विगत १७ वर्ष देखि विभिन्न संस्थाहरुमा आवद्ध भई जलविद्युत क्षेत्रमा अध्ययन, अनुसन्धान, कार्यान्वन तथा संचालनको अनुभव प्राप्त

(ज) **सरकारी नीति तथा नियमहरुमा हुने परिवर्तन तथा विश्वव्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट उत्पन्न हुने जोखिम** : कम्पनीले आयात गर्ने उपकरणहरु/विद्युतीय उपकरणहरुमा लाग्ने कर तथा भन्सारमा सरकारी नीति तथा नियमहरुमा हुने परिवर्तन तथा विश्वव्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट जोखिम रहने छ।

(झ) **संचालन इतिहासको अभाव** : कम्पनीको व्यवस्थापनले यस्तै परियोजना निर्माण गरी सञ्चालन गरिसकेको हुनाले यस्तो जोखिम नरहेको।

(ञ) **प्रविधिको परिवर्तनबाट हुने सक्ने जोखिम** : जलविद्युत आयोजनामा प्रयोग हुने टर्बाइन, हाइड्रोलिक गेट्स, जेनेरेटर लगायत विभिन्न उपकरणमा आउने परिवर्तन तथा नयाँ टेक्नोलोजीबाट प्रयोग भईरहेका उपकरणहरु फेर्नु परेमा।

(ट) **पुर्वाधार निर्माणमा हुने ढिलाईका कारण हुन सक्ने जोखिम** : परियोजनाको लागि निर्माण गर्नुपर्ने सम्पूर्ण पुर्वाधारहरु जस्तै पहुँच मार्ग, आवश्यक दुई वटा वेलिब्रिज, निर्माण कार्यको लागि आवश्यक क्याम्पहरु लगायत निर्माण सम्पन्न भैसकेको हुँनाले जोखिम नरहेको।

(ठ) **अन्य जोखिम** :
- दैबि प्रकोप तथा काबु बाहिरको परिस्थीति उत्पन्न भइ आयोजना निर्माण कार्यमा ढिलाई भएमा आयोजनाको लागत बढ्नुका साथै आम्दानीको श्रोत पर सर्ने।
- जलविद्युत आयोजना निमार्ण गर्दा हुने जोखिमहरु मध्ये भुकम्प, बाढी पहिरो जस्ता कारणले हुने क्षति र यसवाट विद्युत उत्पादनमा पर्ने प्रभावलाई न्यूनिकरणका गर्नका लागि परियोजनाको सम्पूर्ण सम्पत्तिलाई खाम्ने गरी बिमाको व्यवस्था गरिएको छ।
- जलवायु परिर्वतनवाट खोलामा पानीको वाहावमा थप घट हुनगई तद्अनुरुप विद्युत उत्पादनमा घटबढ हुन सक्ने भएकोले विद्युत उत्पादनमा कमी आएमा हर्जना मिनाहा हुने व्यवस्था कायम रहेको छ।
- देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु।
- पँुजीबजारको अवस्थामा आउने उतार चढावबाट पर्न सक्ने जोखिमहरु।

यो रसिद हराई अर्कालि भुक्तानी लिई गएमा सो को जिम्मेवार निवेदक स्वयं हुनेछ।

रसिद

दरखास्तवालाले भर्नुपर्ने — सि.नं.

Applicant's Name	
Company's Name	SAHAS URJA LIMITED
No. of Shares Applied	Call Money per Share Rs.100 Amount Deposited (Rs.)
Amount in Words	

निवेदकको दस्तखत (नाबालकको हकमा अभिभावकको दस्तखत)

For Official Use Only: Received by: Date: Stamp Code No. हितग्राही खाता नं. DP ID Client ID

चेक भुक्तान नभएमा दरखास्त फाराम स्वतः रद्द हुनेछ।

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक:

NIBL ACE CAPITAL — Managing shares. Managing investments.
wholly owned subsidiary of नेपाल इन्भेष्टमेण्ट बैंक लि. NEPAL INVESTMENT BANK LTD.

एनआईबिएल एस क्यापिटल लिमिटेड
पो.ब.नं. २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल
फोन: ४४२५२८०, फ्याक्स: ४००५०८४
Email: info@niblcapital.com, Website: www.niblcapital.com